जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ७२ २०८३ साल असोज २७ गते मंगलबार (13 Oct 2026 Tuesday) मूल्य रु. ५/-

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : बूढीगण्डकी बाढीः गाउँ... ३ पृष्ठमा : मध्यपूर्वमा तनाव बढ्दै, ... ३ पृष्ठमा :विश्वव्यापी गरिबी बढेर एक ...

## नेपालमा वर्षेनी २० हजार मानिसलाई सर्पले टोक्ने गरेको तथ्याङ्क सार्वजनिक



**दैनिक समाचारदाता राजविराज, २६ असोज ।**

नेपालमा बर्सेनि करिब २० हजार मानिसलाई सर्पले टोक्ने गरेको र त्यसमध्ये करिब एक हजार जनाको मृत्यु हुने गरेको एक तथ्याङ्कले देखाएको छ ।

सप्तरीको राजविराजमा सोमबार फेयरमेडको साझेदारीमा सञ्चालित संकल्प परियोजना अन्तर्गत सबल नेपालले आयोजना गरेको उपेक्षित उष्ण प्रदेशीय रोग ( एनटीडी) सम्बन्धी सञ्चारकर्मीहरुसंगको एक दिने अन्तरक्रिया कार्यक्रममा यस्तो तथ्यांक प्रस्तुत गरिएको हो ।

विश्व स्वास्थ्य संगठनको तथ्यांक प्रस्तुत गर्दै जनस्वास्थ्यकर्मी कैलाश खाकी श्रेष्ठले सर्पदंशबाट नेपालमा बर्षेनी एक हजार जनाको मृत्यु हुने गरेको जानकारी दिए ।

उनका अनुसार नेपालमा पाइने ८९ प्रजातिका सर्पमध्ये १७ प्रजातिका सर्प विषालु छन् । सर्पले टोकेमा झारफुकमा समय खेर नफाली तत्काल नजिकको स्वास्थ्य संस्थामा लैजानुपर्ने उनले बताए । उनले मृत्यु न्यूनीकरण गर्न समयमै उपचार, विषालु सर्पको पहिचान र सर्पदंशबाट बच्ने उपायबारे समुदायस्तरमा सचेतना फैलाउनुपर्ने आवश्यकता औंल्याए ।

उनले सर्पदंशबाट बच्ने उपाय, सर्पले टोकेपछि अपनाउनुपर्ने प्राथमिक सावधानी, बिरामीलाई तत्काल स्वास्थ्य संस्थामा पुऱ्याउनुपर्ने आवश्यकता तथा समुदायमा जनचेतना फैलाउन सञ्चारकर्मीको भूमिका आनिवार्य रहेको उल्लेख गरे ।

कार्यक्रममा फेयरमेडकी सिनियर मिल अधिकृत रुषा उपाध्यायले सप्तरीका छ स्थानीय तहमा उपेक्षित उष्ण प्रदेशीय रोगको पहिचान, उपचार र रोकथामका लागि कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिए ।

हनुमाननगर कंकालिनी नगरपालिका, विष्णुपुर, तिरहुत, तिलाठी कोइलाडी, छिन्नमस्ता र राजगढ गाउँपालिकामा सञ्चालन भइरहेको परियोजनाले रोगीको खोजी, उपचारमा सहजीकरण र रोगबाट बच्ने उपायबारे समुदायमा सचेतना फैलाउने काम गरिरहेको उनले बताए ।

कुष्ठरोग, सर्पदंश, हात्तीपाइले, लुतो, माटोबाट सर्ने जुका, रेबिज, कालाजार, डेंगु, फित्तेजुका, खस्रेरोग र माइसेटोमा गरी ११ प्रकारका रोगलाई परियोजनाले प्राथमिकतामा राखेको उनले उल्लेख गरे ।

विश्वका १४९ देशमा उपेक्षित उष्णप्रदेशीय रोग देखिएको उल्लेख गर्दै उपाध्यायले गरिबी, सरसफाइको कमजोर अवस्था र स्वास्थ्य सेवामा सीमित पहुँचका कारण यस्ता रोगको जोखिम बढ्ने गरेको बताए ।

रोगको समयमै पहिचान र उपचारसँगै वातावरणीय सरसफाइमा ध्यान दिन सके यसको जोखिम न्यूनीकरण गर्न सकिने उनको भनाइ थियो ।

अन्तरक्रिया कार्यक्रममा परियोजनाको परिचय र उद्देश्यबारे सबल नेपालका अशोक साह तथा परियोजना संयोजक रोहित उरावले जानकारी दिएका थिए भने कार्यक्रममा उपेक्षित उष्ण प्रदेशीय रोगको अवस्था, रोकथाम, उपचार र समुदायमा जनचेतना फैलाउन सञ्चारमाध्यमले खेल्न सक्ने भूमिकाबारे छलफल गरिएको थियो ।

## दशै अगावै लालपुर्जा बितरणका लागी आवश्यक प्रक्रिया सुरु गर्न मन्त्रीको निर्देशन



**दैनिक समाचारदाता राजविराज, २६ असोज ।**

युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले राजविराज नगर क्षेत्रका बिटौरी जग्गा बाहकहरुलाई दशै अगावै लालपुर्जा वितरणका लागी आवश्यक प्रक्रिया सुरु गर्न निर्देशन दिएका छन ।

सोमवार जिल्ला प्रशासन कार्यालय सप्तरीमा सरोकारवाला कार्यालयका प्रमुख र प्रतिनीधीहरुको बैठक राखी मन्त्री यादवले यस्तो निर्देशन दिएका हुन ।

लालपुर्जा विहिन नगरवासीलाई लालपुर्जा दिने मनसायले जग्गा दर्ता सम्बन्धि गठन आदेश २०८३ मन्त्री परिषदको बैठकबाट समेत स्विकृत भइसकेको अवस्थामा कुनै ढिलाई नगरी उक्त निर्णय छिटो छरितो ढंगले कार्यान्वयनमा ल्याउन पर्ने उनले निर्देशन दिए ।

दशै विदा अगावै शुक्रवार सम्ममा लालपुर्जा वितरणका लागी सूचना लगायत आवश्यक प्रक्रिया सूरु गर्न निर्देशन दिदै उनले कुनै बाधा अड्चन भए आफुहरुले त्यसको फुकाउ गर्ने प्रतिबद्धता जनाए ।

मन्त्री यादवको गृह जिल्ला समेत रहेको सप्तरीका विभिन्न जीर्ण सडकखण्डको मर्मत सम्भार तथा स्तरोन्नती कार्य पनि सुरु गर्न सरोकारवाला कार्यालयका प्रमुखहरुलाई उनले निर्देशन दिए ।

चाडपर्वका समयमा पनि राजविराजदेखी छिन्नमस्ता भगवती मन्दिर सम्म पुग्ने सडकका साथै राजविराज-हनुमाननगर, राजविराज-रुपनी, राजविराज-कंचनपुर लगायत १२ स्थानका बाटोघाटो जीर्ण

*बाँकी अन्तिम पृष्ठमा*

## असोजको २२ दिन भित्र प्रहरीमा परेका सबै उजुरी फछ्र्यौट

**दैनिक समाचारदाता राजविराज, २६ असोज ।**

सप्तरी प्रहरीले चालु महिना असोजको २२ दिन भित्र परेका सबै उजुरी फछ्र्यौट गर्न सफल भएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरी तथा मातहतका कार्यालय समेतबाट २०८३ असोज १ देखी असोज २२ गते सम्म सम्पादित विभिन्न कार्य तथा गतिबिधी बारे जारी प्रगती विवरणले यस्तो तथ्याङ्क देखाएको हो ।

*बाँकी अन्तिम पृष्ठमा*

चाडपर्व मनाऔः सामाजिक सद्भाव कायम राखौं

❖ आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
❖ चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायवीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
❖ धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
❖ चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
❖ सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
❖ मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### राजविराजको विकास र समस्या कहिले समाधान हुने

सप्तरी जिल्लाको सदरमुकाम राजविराज ऐतिहासिक तथा योजनाबद्ध सहरका रूपमा परिचित छ। कुनै समय व्यवस्थित सडक, खुला क्षेत्र र प्रशासनिक केन्द्रका कारण छुट्टै पहिचान बनाएको राजविराज अहिले तीव्र सहरीकरणसँगै अनेकौं चुनौतीको सामना गरिरहेको छ। सहरको विकासको आवश्यकता बढ्दै गए पनि त्यसअनुसार पूर्वाधार र सार्वजनिक सेवाको विस्तार हुन नसक्दा नागरिकले दैनिक जीवनमा विभिन्न समस्या भोग्नुपरेको छ। राजविराजका सडक, नाला, खानेपानी, फोहोर व्यवस्थापन, सडक बत्ती तथा सार्वजनिक शौचालयजस्ता आधारभूत पूर्वाधारमा अझै सुधार आवश्यक छ।

वर्षायाममा सडक तथा नालाको समस्या, बजार क्षेत्रमा बढ्दो अव्यवस्थित पार्किङ तथा ट्राफिक व्यवस्थापनले नागरिकको दैनिकी प्रभावित पार्दै आएको छ। तीव्र रूपमा बढिरहेको जनसंख्याका लागि व्यवस्थित बसोबास र पर्याप्त सार्वजनिक पूर्वाधारको अभाव अर्को चुनौती हो। दीर्घकालीन सहरी योजना, प्रभावकारी ढल निकास, स्वच्छ खानेपानी, व्यवस्थित यातायात, हरियाली क्षेत्र, सार्वजनिक स्थलको संरक्षण र आधुनिक फोहोर व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्छ। विकासका योजना बनाउँदा नागरिकको आवश्यकता र स्थानीय वास्तविकतालाई केन्द्रमा राखिनुपर्छ।

राजविराजको विकासका लागि स्थानीय तह मात्र होइन, प्रदेश र संघीय सरकारबीच पनि प्रभावकारी समन्वय आवश्यक छ। बजेटको सही प्राथमिकता निर्धारण, पारदर्शी कार्यान्वयन, गुणस्तरीय निर्माण र नियमित अनुगमन हुन सके विकासले गति लिन सक्छ। तसर्थ राजविराजलाई व्यवस्थित, स्वच्छ, सुरक्षित र आधुनिक सहर निर्माण गर्न राजनीतिक स्वार्थभन्दा माथि उठेर दीर्घकालीन सहरी विकासको साझा दृष्टिकोण बनाउन जरुरी छ।

# बूढीगण्डकी बाढी: गाउँ जाने पुल बगायो, सय बढी घरहरू बगे

**प्रतीक्षा आले**

गोरखा, २६ असोज (रासस)।

बूढीगण्डकी बाढीमा परी उत्तरी गोरखाका १०० बढी घरहरू बगेका छन्। आइतबार बिहान उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-६ स्थित उङ्गिलुङ खोलामा सुक्खा पहिरो खसेको थियो। बिहान करिब ४:०० बजेतिर खसेको पहिरोले सो खोला थुनिएको र एक्कासी खोलिँदा बाढी आएको बाढी पूर्वानुमान महाशाखाको भनाइ छ।

महाशाखाका अनुसार चुमनब्री-६ तुम्जेमा पहिरो जाँदा उङ्गिलुङ खोला थुनिएको र एक्कासी खोलिँदा बाढी आएको हो। भू-उपग्रहले लिएको तस्बिरका अनुसार शनिबार साँझ नै पहिरो गएको महाशाखाको भनाइ छ।

उङ्गिलुङ खोलातर्फबाट बूढीगण्डकीमा आएको बाढीले गोरखाको चुमनुब्री, धार्चे र आरुघाट क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ। चुमनुब्री गाउँपालिकाको लोक्पा, न्याकफेदी, सिर्दिबास, सल्लेरी र जगत क्षेत्रमा क्षति पुगेको हो। यस्तै, धार्चे गाउँपालिकाको दोभान, माछीखोला, यारुबगर र आरुघाट गाउँपालिकाको सोती र आरुघाट बजारमा क्षति पुगेको जिल्ला प्रशासन कार्यालय गोरखाले जनाएको छ।

**दश जना सम्पर्कविहीन**

बाढीमा परेर उङ्गिलुङ भेडीगोठमा बस्ने चुमनुब्री-६ चुन्चेतका पाँच जना सम्पर्कविहीन बनेका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताउनुभएको छ। सोही क्षेत्रको धाउलेमा बस्ने तीन घरका पाँच जना पनि सम्पर्कविहीन रहेको स्थानीय दिपेश लामाको भनाइ छ।

**छ वटा पुल बगायो**

बाढी प्रभावित क्षेत्र गोरखाको चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिकामा हालसम्म दुई वटा मोटरेबल र चार वटा झोलुङ्गे पुल बगाएको उल्लेख छ।

गोरखाको आरुघाट र धादिङको त्रिपुरासुन्दरी जोड्ने मोटरेबल पुल बाढीले बगाएको हो। यस्तै, आरुघाटको सोती र मान्बु जोड्ने पक्की पुल पनि बगाएको आरुघाट गाउँपालिकाका अध्यक्ष राजु गुरुङले जानकारी दिनुभयो।

बूढीगण्डकीको बाढीले धार्चे गाउँपालिका-१ र ३ जोड्ने बेलिब्रिजसमेत बगाएको छ। यसैगरी, माछीखोला र केरौँजा जोड्ने झोलुङ्गे पुल, चुमनुब्रीको ठाडो भर्‍याङ र जगत जोड्ने पुलर चुमनुब्रीकै घट्टेखोला र फिलिम जोड्ने झोलुङ्गे पुलसमेत बगाएको चुमनुब्री गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मी गुरुङले बताउनुभयो।

दसैँको मुखमा आएको बाढीले गाउँबस्ती जाने पुल नै बगाएको धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङ बताउनुहुन्छ। “माछीखोलाको पुल बगाउँदा केरौँजा, लामावेशी, रुन्चेतलगायत गाउँबस्ती जाने बाटो बन्द भयो”, उहाँले भन्नुभयो, “दसैँको मुखमा हामीलाई ठूलो बिपत्ती आइपर्‍यो।”

चुमनुब्री-३ फिलिमकी कुमारी गुरुङले पनि जतातत्तै पुल बगाउँदा दसैँमा घर जाने बाटो बन्द भएको बताउनुभयो। “हामी त अब यहीँ थुनियौँ, तलबाट घर आउनेहरूको बाटो पनि बन्द भयो”, गुरुङले भन्नुभयो, “यहाँ आउने हेलीकप्टरबाहेक अन्य उपाय छैन।”

बाढीले चुमनुब्री-६ सिर्दिभीरको क्यान्टिलिभर पुलसमेत बगाएको पालिकाको प्रमुख प्रशासकीय अधिकृत नारायण सापकोटको भनाइ छ।

सर्दिभीरको क्यान्टिलिभर पुल उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-६ चुम्लिङ र वडा नं ७ छेकम्पारका गाउँबस्ती पुग्ने एकमात्र साहारा हो।

**विद्यालय पनि बगे**

बूढीगण्डकीको बाढीले चुमनुब्री गाउँपालिका-३ घट्टेखोलास्थित विकास आधारभूत विद्यालयको भवनसमेत बगाएको प्रमुख प्रशासकिय अधिकृत नारायण सापकोटाको भनाइ छ।

**तीन हाइड्रो पावरमा क्षति**

बाढीका कारण उत्तरी गोरखाको तीन वटा हाइड्रोपावर आयोजनामासमेत क्षति पुगेको छ। चुमनुब्री-३ सल्लेरीस्थित सहज ऊर्जा प्रालिको पावर हाउस र लेबर क्यापमा बाढीले बगाएको हो। यस्तै, धार्चे गाउँपालिका-१ यारु र दोभानमा रहेको दुई वटा हाइड्रोपावर आयोजनामा क्षति पुगेको धार्चेका अध्यक्ष लक्ष्मण गुरुङले बताउनुभयो।

बाढीले सल्लेरीको हाइड्रोपावर बगाउँदा न्याक, फिलिम, चिसापानी, नाग्चेत, घट्टेखोला, पाङसिङ, जगत, सल्लेरी, भालुवाङ, सिर्दिबास, जगत, उहियालगायत गाउँबस्ती विद्युत्‌बिहीन बनेका गुरुङको भनाइ छ।

**सयबढी घरगोठ बगे**

बाढीले चुमनुब्री गाउँपालिकाको उङ्गिलुङ खोला क्षेत्रका चार गोठ बगाएका छन्। यस्तै, बूढीगण्डकी किनारमा पर्नेरास सल्लेरी, घट्टेखोला, पैँयु, दोभान र बगरका करिब ३१ घरधुरी बगाएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माको भनाइ छ। शर्माका अनुसार धार्चे गाउँपालिकाको माछीखोला, यारुबगर र दोभानका करिब ५० घरधुरी र आरुघाट गाउँपालिकाको सोतीका करिब १५ घरधुरीमा क्षति पुगेको छ।

**हेलीमार्फत उद्धार कार्य जारी**

बूढीगण्डकी नदीमा आएको बाढीमा परेर अलपत्र परेकाहरूको हेलीमार्फत उद्धार कार्य जारी छ। चुमनुब्री गाउँपालिका-३ न्याकफेदीमा फसेका नौ जनालाई हेलिकोप्टरमार्फत उद्धार गरेर न्याक गाउँ लगिएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताउनुभयो।

यस्तै, धार्चे गाउँपालिका-१ यारुबगरमा फसेका एक विदेशी नागरिकसहित १८ जनाको पनि हेलीमार्फत उद्धार भएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार यारुबगरमा फसेका पर्यटक, स्थानीय र हाइड्रोपावरमा कार्यरत्त १८ जनालाई हेलीमार्फत हुल्चुक गाउँमा लगिएको हो।

हेलीले मनासलु क्षेत्रमा अलपत्र परेका ९० जना पर्यटक, गाइड र भरियाहरूको पनि उद्धार गरेको छ। बाढी प्रभावित क्षेत्र गोरखाको चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिकामा सेनाको चार वटा हेलिकप्टर परिचालन भएको थियो।

## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

**सचिन्द्र दास**
अध्यक्ष, तथा
जनमूखी बहुउद्धेश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

**शत्रुघन प्रसाद गुप्ता**
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

# मध्यपूर्वमा तनाव बढ्दै, अमेरिकी प्रस्तावप्रति इरानको असन्तुष्टि

तेहरान, २६ असोज (रासस/एपी)।

युद्ध अन्त्यका लागि अमेरिकाले दिएको पछिल्लो जवाफप्रति इरानले असन्तुष्टि व्यक्त गरेको छ। इरानले उक्त जवाफलाई अपर्याप्त ठहर गर्दै युद्ध पुनः चर्किएमा क्षेत्रीय डेटा सेन्टर, सञ्चार केबल तथा कृत्रिम बुद्धिमत्तासम्बन्धी पूर्वाधारलाई लक्षित गर्न सक्ने चेतावनी दिएको छ।

यसैबीच, इजरायलका पूर्व महान्यायाधिवक्ता अविचाई म्यान्डेलब्लिटले प्रधानमन्त्री बेन्जामिन नेतान्याहुविरुद्ध चलिरहेको भ्रष्टाचारसम्बन्धी मुद्दामा अदालतसमक्ष बयान दिनुभएको छ। आगामी निर्वाचन नजिकिँदै गर्दा नेतान्याहुको राजनीतिक भविष्यबारे चासो बढेको छ।

**अमेरिकी जवाफप्रति इरानको असन्तुष्टि**

इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का प्रमुख मोहसेन रेजाईले युद्ध अन्त्य गर्ने विषयमा अमेरिकाबाट प्राप्त पछिल्लो जवाफ पर्याप्त नभएको बताउनुभएको छ।

इरानको सरकारी समाचार संस्था आईआरएनएका अनुसार रेजाईले अमेरिकाले प्रस्तावका सात सर्तमध्ये केही स्वीकार गरे पनि अन्य विषयमा अझै स्पष्टता आवश्यक रहेको उल्लेख गरेका छन्।

उहाँले युद्ध पुनः तीव्र भएमा क्षेत्रीय सञ्चार केबल, डेटा सेन्टर, एआई पूर्वाधारलगायत महत्त्वपूर्ण संरचनालाई लक्षित गर्न सकिने चेतावनी दिनुभयो।

यसैबीच, इरानी रिभोलुसनरी गार्डको नौसेनाले होर्मुज जलडमरूमध्यबाट आवतजावत गर्ने जहाजले आफ्नो नेभिगेसन तथा पहिचान प्रणाली बन्द गरे त्यस्ता जहाजलाई शत्रुतापूर्ण मान्न सकिने जनाएको छ।

**नेतान्याहुविरुद्धको भ्रष्टाचार मुद्दामा पूर्व महान्यायाधिवक्ताको बयान**

इजरायलका पूर्व महान्यायाधिवक्ता अविचाई म्यान्डेलब्लिटले प्रधानमन्त्री बेन्जामिन नेतान्याहुविरुद्ध चलिरहेको भ्रष्टाचारसम्बन्धी मुद्दामा अदालतसमक्ष बयान दिनुभएको छ।

म्यान्डेलब्लिटले सात वर्षअघि नेतान्याहुविरुद्ध ठगी, विश्वासको दुरुपयोग तथा घुस लिएको आरोपमा अभियोग दायर गर्नुभएको थियो। इजरायलमा पदमा बहाल प्रधानमन्त्रीविरुद्ध भ्रष्टाचारसम्बन्धी अभियोग दायर भएको यो पहिलो घटना थियो।

नेतान्याहुमाथि राजनीतिक लाभका लागि धनी सहयोगी तथा सञ्चारमाध्यमका प्रभावशाली व्यक्तिहरूसँग अनुचित सुविधा आदानप्रदान गरेको आरोप लागेको छ। यद्यपि, उहाँले आफूविरुद्धका आरोप अस्वीकार गर्दै आएका छन्।

**साउदी अरबमा सुरक्षा सतर्कता, हुथीद्वारा थप आक्रमणको चेतावनी**

साउदी अरबको राजधानी रियादस्थित किङ खालिद अन्तर्राष्ट्रिय विमानस्थलको यात्रु टर्मिनलमा पुनः आक्रमण भएको छ। यसअघि शनिबार भएको आक्रमणमा १२ जनाको मृत्यु भएको थियो। पछिल्लो आक्रमणमा पनि केही व्यक्ति घाइते भएको साउदी अधिकारीहरूले जनाएका छन्।

यमनका इरानसमर्थित हुथी विद्रोहीले विमानस्थलमा भएका दुवै आक्रमणको जिम्मेवारी लिएका छन्। हुथीका सैन्य प्रवक्ता याह्या सारीले साउदी हवाई क्षेत्रमा उडान गर्दा हुन सक्ने जोखिमप्रति सचेत रहन आग्रह गर्नुभएको छ।

यसैबीच, हुथीको नियन्त्रणमा रहेको अल-मसिरा टेलिभिजनले यमनको राजधानी सानामा पनि थप आक्रमण भएको जनाएको छ। उक्त आक्रमणका लागि हुथी पक्षले साउदी अरबलाई जिम्मेवार ठहर गरेको छ। साउदी अधिकारीहरूले भने यस विषयमा सार्वजनिक प्रतिक्रिया दिएका छैनन्।

लगातार भइरहेका आक्रमणका घटनाले साउदी अरब र हुथी विद्रोहीबीचको तनाव थप बढाएको छ। यसले अमेरिका र इरानबीच जारी युद्ध अन्त्य गर्ने प्रयासमा समेत चुनौती थपेको छ।

**गाजामा आक्रमणपछि घर फर्किएका बासिन्दा भग्नावशेषको सामना गर्दै**

इजरायली आक्रमणबाट प्रभावित मध्य गाजाका बासिन्दा आफ्नो घरको अवस्था बुझ्न फर्किएका छन्। आक्रमणअघि उनीहरूलाई सुरक्षित स्थानमा जान आग्रह गरिएको थियो।

स्थानीय बासिन्दा बसाम आवेदका अनुसार करिब ३०० परिवार बसोबास गर्ने कम्तीमा १० वटा आवासीय भवन ध्वस्त भएका छन्। उहाँका अनुसार प्रभावित परिवारलाई सुरक्षित स्थानमा जान पर्याप्त समय उपलब्ध गराइएको थिएन।

इजरायली सेनाले भने हमासका लडाकुले सैनिकमाथि आक्रमण गर्न प्रयोग गरेको रकेट प्रक्षेपणस्थल र कमान्ड सेन्टरलगायतका सैन्य संरचनालाई लक्षित गरिएको जनाएको छ।

युद्धविराम सम्झौता भएको एक वर्ष बितिसक्दा पनि गाजामा इजरायली आक्रमण लगभग दैनिक रूपमा जारी रहेको समाचारमा उल्लेख छ।

**'नाजा' वृत्तचित्रबारे अनुसन्धान गर्न नेतान्याहुको आग्रह**

इजरायली प्रधानमन्त्री नेतान्याहुले 'नाजा' नामक वृत्तचित्रमा सहभागी व्यक्तिहरूबारे अनुसन्धान गर्न महान्यायाधिवक्ता र आन्तरिक सुरक्षा निकाय शिन बेटका प्रमुखलाई आग्रह गर्नुभएको छ।

उक्त वृत्तचित्रमा इजरायली सेनासँग सम्बन्धित व्यक्तिहरूले गाजामा सर्वसाधारणको ज्यान जाने घटनाबारे आफ्ना अनुभव प्रस्तुत गरेका छन्।

नेतान्याहुले वृत्तचित्रमा इजरायल र उसको सेनाबारे भ्रामक तथा पक्षपातपूर्ण विवरण प्रस्तुत गरिएको आरोप लगाएका छन्। उक्त वृत्तचित्रले इजरायलभित्र पनि विभिन्न प्रतिक्रिया उत्पन्न गरेको छ।

**दक्षिणी लेबनानमा गोलाबारीबाट अवकाशप्राप्त सैनिक अधिकारीको मृत्यु**

लेबनानको सेनाले दक्षिणी लेबनानको याटेर सहरमा आफ्नो सम्पत्तिको अवस्था बुझ्न गएका अवकाशप्राप्त सैनिक अधिकारी अली अब्दुल हसन स्वेइदानको इजरायली तोपको गोलाबारीमा मृत्यु भएको जनाएको छ।

*बाँकी अन्तिम पृष्ठमा*


# हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**भुपेन्द्र प्रसाद यादव**

अध्यक्ष, तथा

समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.

संचालक समिति परिवार

राजविराज ८, सप्तरी



# हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**विश्वनाथ मण्डल**

अध्यक्ष

तथा

जन ज्योति कृषि सहकारी संस्था लिमिटेड

संचालक समिति परिवार

राजविराज ९, मलेठ, सप्तरी


# विश्व समाचार

## विश्वव्यापी गरिबी बढेर एक अर्ब २० करोड पुग्यो

वासिङ्टन, २६ असोज (रासस/एएफपी)।

विश्वव्यापी बहुआयामिक गरिबीको सूचकाङ्क सन् २०१० मा सुरु भएयता पहिलोपटक बढेको छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडीपी) को सोमबार सार्वजनिक प्रतिवेदनअनुसार विश्वभर तीव्र गरिबीमा बाँचिरहेका मानिसको सङ्ख्या एक अर्ब २० करोड पुगेको छ। युएनडीपी र अक्सफोर्ड विश्वविद्यालयको गरिबी तथा मानव विकाससम्बन्धी अनुसन्धान केन्द्रले तयार पारेको सन् २०२६ को वार्षिक प्रतिवेदनअनुसार अघिल्लो वर्षको तुलनामा तीव्र गरिबीमा बाँच्ने मानिसको सङ्ख्या पाँच करोड १५ लाखले बढेको छ। युएनडीपीका प्रशासक अलेक्जान्डर डे क्रोले गरिबीमा भएको वृद्धिलाई विश्वका लागि गम्भीर चेतावनीका रूपमा लिनुपर्ने बताउनुभयो। उहाँका अनुसार गरिबीमा रहेका एक अर्ब २० करोड मानिसले भोकमरी, विद्यालय शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था तथा स्वच्छ पानी र बिजुलीको अभावजस्ता एकअर्कासँग जोडिएका समस्याको सामना गरिरहेका छन्। उहाँले यस्तो अवस्था अस्वीकार्य रहेको बताउनुभयो।

प्रतिवेदनअनुसार तीव्र गरिबीमा रहेका आधाभन्दा बढी मानिस बालबालिका छन्। यद्यपि, गरिबीमा बाँच्ने मानिसको कुल सङ्ख्या बढ्नुको प्रमुख कारण जनसङ्ख्या वृद्धि रहेको युएनडीपीले जनाएको छ। प्रतिवेदनमा समेटिएका १०८ विकासोन्मुख देशमध्ये १३ देशमा मात्रै जनसङ्ख्या वृद्धिसँग सम्बन्धित नयाँ तथ्याङ्क उपलब्ध रहेको पनि उसले जनाएको छ। कुल सङ्ख्या बढे पनि गरिबी न्यूनीकरणमा केही देशले उल्लेखनीय प्रगति गरेका छन्। पछिल्लो १५ वर्षमा ३३ देशले बहुआयामिक गरिबीमा बाँच्ने जनसङ्ख्याको अनुपात आधा घटाएका छन्। तीमध्ये उपसहारा अफ्रिकाका छ देश छन्। चीन र भियतनामसहित एसियाली देशहरूले गरिबी घटाउन तीव्र प्रगति गरेको प्रतिवेदनमा उल्लेख छ। अघिल्ला वर्षहरूमा जस्तै यस वर्षको प्रतिवेदनले पनि विश्वका अधिकांश गरिब मानिस उपसहारा अफ्रिका र दक्षिण एसियामा बसोबास गर्ने देखाएको छ। विशेषगरी भारतीय उपमहाद्वीपमा गरिबीको समस्या गम्भीर छ।

प्रतिवेदनअनुसार इजिप्ट, नेपाल र ताजिकिस्तानमा गरिबीको दर तथा बहुआयामिक गरिबीमा बाँच्ने मानिसको सङ्ख्या दुवै उल्लेखनीय रूपमा घटेको छ। अङ्गोला र जाम्बियामा पनि गरिबीको दर घटे पनि जनसङ्ख्या वृद्धिका कारण गरिबीमा रहेका मानिसको कुल सङ्ख्या भने बढेको छ। प्रतिवेदनमा प्रयोग गरिएको बहुआयामिक गरिबी सूचकाङ्कले आम्दानीलाई मात्र आधार मान्दैन। यसले पर्याप्त आवास, सरसफाइ, बिजुली, खाना पकाउने इन्धन, पोषण तथा शिक्षामा पहुँचको अवस्थासमेत मूल्याङ्कन गर्छ।

## भारतमा प्रदर्शनकारीमाथि प्रहरी दुर्व्यवहारको आरोप

नयाँदिल्ली, २६ असोज (रासस/एएफपी)।

भारतमा मतदाता सूची संशोधनको विरोधमा भइरहेको प्रदर्शनका क्रममा प्रहरीले सांसद, पत्रकार र प्रदर्शनकारीमाथि दुर्व्यवहार गरेको विपक्षी नेता तथा पत्रकारहरूले आरोप लगाएका छन्। निर्वाचन प्रमुखको राजीनामा माग्दै सोमबार थप प्रदर्शनको तयारी भइरहँदा प्रहरीले नयाँदिल्लीका प्रमुख सडकमा अवरोध खडा गर्नुका साथै मेट्रो स्टेसनहरू बन्द गरेको छ। भारतीय काङ्ग्रेसका नेता राहुल गान्धीले सर्वोच्च अदालततर्फ पदयात्रा गर्न समर्थकहरूलाई आह्वान गर्नुभएको छ। प्रहरीले मध्य दिल्लीमा लगातार तेस्रो दिन हजारौं सुरक्षाकर्मी परिचालन गरेको छ।

मतदाता सूची संशोधनमा अनियमितता भएको आरोप लगाउँदै सुरु भएको प्रदर्शनमा विपक्षी दल, विद्यार्थी समूह र अधिकारकर्मी सहभागी छन्। आलोचकहरूले संशोधनबाट प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) लाई फाइदा पुग्ने र अल्पसङ्ख्यक, विशेषगरी मुस्लिम समुदाय प्रभावित हुन सक्ने बताएका छन्। निर्वाचन आयोगले भने आरोप अस्वीकार गर्दै दोहोरो, मृतक र नक्कली विवरण हटाउन संशोधन गरिएको जनाएको छ। स्थानीय सञ्चारमाध्यमका अनुसार प्रदर्शनका क्रममा हजारौं मानिसलाई नियन्त्रणमा लिइएको थियो। हिरासतमा लिइएकामध्ये कङ्ग्रेस जनता पार्टी (सिजेपी) का तीन शीर्ष नेतासहित अधिकांश रिहा भएका छन्। विपक्षी नेताहरूले सामूहिक गिरफ्तारीमार्फत असहमति दबाउन खोजिएको आरोप लगाएका छन्।

भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का सांसद जोन ब्रिटासले आइतबार प्रहरीले आफूलाई दुर्व्यवहार गरेको, तानेको र आक्रमण गरेको आरोप लगाउनुभएको छ। उहाँले यसलाई लोकतान्त्रिक स्वतन्त्रता र विधिको शासनमाथिको आक्रमण बताउनुभयो। प्रदर्शनको समाचार सङ्कलन गरिरहेका पत्रकारहरूले पनि प्रेस परिचयपत्र देखाउँदासमेत आफूहरूलाई नियन्त्रणमा लिइएको बताएका छन्। रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) का अनुसार सप्ताहान्तमा कम्तीमा १६ जना पत्रकार हिरासतमा परेका थिए। गान्धीले समर्थकहरूलाई नडराउन आग्रह गर्दै आन्दोलन जारी राख्ने बताउनुभएको छ। सिजेपीका नेताहरूले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले राजीनामा नदिएसम्म प्रदर्शन जारी राख्ने जनाएका छन्।

सञ्चारमाध्यमका अनुसार मतदाता सूची संशोधनबाट १३ करोड ३० लाखभन्दा बढी नाम हटाइएका छन्। यसले मोदीको तेस्रो कार्यकालमा महत्त्वपूर्ण राजनीतिक चुनौती सिर्जना गरेको छ। निर्वाचन अधिकारीहरूले भने सूचीबाट गलत विवरण हटाउनु नै संशोधनको उद्देश्य रहेको बताएका छन्।

# टिकटकमा डरत्रास फैलाउने भिडियो र फोटो राखेको आरोपमा दुई पक्राउ

**दैनिक समाचारदाता**
**जनकपुर, २६ असोज ।**

सामाजिक सञ्जाल टिकटकमा डरत्रास, धाकधम्की तथा समाजमा हिंसा फैलाउने खालको भिडियो अपलोड तथा फेसबुकमा धारिलो हतियार खुकुरी देखाएर डरत्रास फैलाउने फोटो राखेको आरोपमा धनुषा प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेमा धनुषाको जनकपुर उपमहानगरपालिका वडा नं. १९ बस्ने अन्दाजी २१ वर्षका 'काले' भनिने पशुपति पासवान र जनकपुरधाम उपमहानगरपालिका १३ धाताटोलका १८ वर्षीय सुमन पटेल छन् ।

टिकटकमा हिंसात्मक तथा धम्कीपूर्ण भिडियो सम्प्रेषण गरेको पाइएपछि प्रहरीले पासवानलाई सोमबार बिहान उनको आफ्नै घरबाट नियन्त्रणमा लिएको हो ।

यस्तै सामाजिक सञ्जाल फेसबुकमा खुकुरी देखाएर डरत्रास फैलाउने फोटो राखेको आरोपमा पटेललाई आइतबार साँझ आफ्नै घरबाट नियन्त्रणमा लिइएको जनाएको छ ।

पक्राउ परेका पासवान र पटेलमाथि थप अनुसन्धान भइरहेको र प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए ।

# दशैं मनाउन दुई लाख सात हजार यात्रु बाहिरिए

काठमाडौँ, २६ असोज (रासस) ।

नेपालीहरूको महान् पर्व बडादसैं नजिकिएसँगै काठमाडौँको नयाँबसपार्कबाट आफ्नो घरगाउँ फर्किने यात्रुको चाप बढ्न थालेको छ ।

दसैं मनाउन राजधानीमा अध्ययन, रोजगारी तथा विभिन्न पेसा-व्यवसायमा संलग्न मानिसहरू धमाधम गाउँ फर्कन थालेका छन् । नयाँ बसपार्कबाट देशका विभिन्न जिल्ला जाने लामो तथा छोटो दूरीका सार्वजनिक यातायातमा यात्रुको चहलपहल बढेको छ । दसैँमा परिवार तथा आफन्तसँग भेटघाट गरी चाडपर्व मनाउन यात्रुहरू गाउँ फर्किने क्रम बढेको हो ।

नयाँबसपार्क सञ्चालन गरेको संस्था लोत्से बहुउद्देश्यीय प्रालिका महाप्रबन्धक पङ्कज मल्लले यही असोज १७ देखि २५ गतेसम्म नयाँबसपार्कबाट मात्र दुई लाख सात हजार २५१ यात्रु बाहिरिएको रासससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार असोज १७ गते१८ हजार ७२९, असोज १८ गते १९ हजार ५३०, असोज १९ गते २३ हजार १६, असोज २० गते २९ हजार ६०२, असोज २१ गते २२ हजार २८८, असोज २२ गते २५ हजार २०१, असोज २३ गते ३१ हजार २३५, असोज २४ गते१६ हजार ९७० र असोज २५ गते २९ हजार ३८० यात्रु बाहिरीएका छन् ।

दसैँका लागि घर फर्किने यात्रुको सङ्ख्या बढेसँगै यातायात व्यवसायीलाई यात्रु व्यवस्थापन गर्न समस्या भएको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव डेकनाथ गौतमले बाटोका कारण यातायात व्यवस्थापनमा समस्या भएको बताउनुभयो ।

यही असोज २३ गते अग्रिम बस टिकट बुकिङ खुला गरेको दिन धादिङको गलौँदीस्थित पृथ्वी राजमार्ग भासिदा सवारीसाधन आवागमन अवरुद्ध हुँदा धेरै सवारीसाधन काठमाडौँमा रोकिँदा समस्या भएको महासचिव गौतमले बताउनुभयो ।

महासङ्घले यात्रुलाई टिकट काटेर मात्र यात्रा गर्न, तोकिएको भाडा तिर्न र सवारीसाधनको अवस्था जाँच गरेर यात्रा गर्न आग्रह गरेको छ । दसैंले परिवार, आफन्त र समुदायबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने भएकाले रोजगारी तथा अध्ययनका लागि राजधानीमा बसोबास गर्दै आएका मानिसहरू चाडपर्व मनाउन घर फर्किने क्रम हरेक वर्ष बढ्ने गरेको छ ।

# उदयपुरमा एक हजार ४० केजी गाँजा बरामद

**दैनिक समाचारदाता**
**उदयपुर, २६ असोज ।**

उदयपुर प्रहरीले एकैदिन छुट्टाछुट्टै दुई स्थानबाट एक हजार ४० केजी ४ सय ४० ग्राम लागुऔषध गाँजा बरामद गरेको छ ।

स्थानीय कटारी नगरपालिका र चौदण्डीगढी नगरपालिका क्षेत्रबाट गाँजा ओसारपसारमा संलग्न रहेको अभियोगमा एक युवकसहित गाँजा बोक्न प्रयोग गरिएका बोलेरो नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय उदयपरले जनाएको छ ।

उपरीक्षक राजन चापागाईका अनुसार इलाका प्रहरी कार्यालय कटारी र बेल्टारबाट खटिएको प्रहरी टोलीले कटारी नगरपालिका ६ स्थित साँगुरी पुल नजिकैको जङ्गल र चौदण्डीगढी नगरपालिका १ चारघरेबाट गाँजा बरामद गरेको हो ।

कटारी नगरपालिका ६ स्थित साँगुरी पुलनजिकैको जङ्गलबाट पाँचवटा बोरामा राखिएको एक सय केजी गाँजा बरामद गरिएको उनले बताए । तिनतलेबाट सिराहातर्फ उक्त गाँजा लैजाँदै गरेको अवस्थामा ताप्ली गाउँपालिका २ का २२ वर्षीय विश्वराज राईलाई नियन्त्रणमा लिइएको थियो ।

त्यस्तै, चौदण्डीगढी नगरपालिका १ चारघरेस्थित रानीटार-बेल्टार भित्री सडकखण्डमा सोमबार बिहान पार्किङ गरी राखिएको बा१४च २२५५ नम्बरको बोलेरोबाट २९ वटा बोरामा राखिएको ९४० केजी ४४० ग्राम गाँजा बरामद भएको छ ।

पक्राउ परेका राईलाई इलाका प्रहरी कार्यालय कटारीको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको छ । उक्त घटनामा संलग्न अन्य फरार व्यक्तिको खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

# तीस लाख नेपालीलाई बाथ रोगको समस्या

काठमाडौँ २६ असोज (रासस) ।

झन्डै ३० लाख नेपालीलाई बाथ रोगको समस्या देखिएको छ । आरोग्य स्वास्थ्य सदन नेपाल बाथरोग उपचार केन्द्रका प्रमुख डा बुद्धि पौडेलले सो तथ्य प्रकाश पार्नुभएको हो ।

नेपाल बाथरोगमैत्री समाजद्वारा सोमबार यहाँ आयोजित विश्व बाथरोग दिवसका अवसरमा उहाँले बाथरोगले सबै उमेर समूहका मानिसलाई असर गर्ने जानकारी दिनुभयो । उहाँले उक्त रोगको समयमै उपचार नगरिए शरीरका जोर्नी बाङ्गिने, कुरूप हुने र स्थायी रूपमा कमजोर बन्ने जानकारी दिनुभयो ।

पाटन अस्पतालका बाथरोग विशेषज्ञ डा केशव सिग्देलले जाडो मौसममा बाथका बिरामीको दुखाइ बढ्ने र पछिल्ला वर्षहरूमा यसका बिरामीहरू तीव्र रूपमा बढेको जानकारी दिनुभयो ।

उहाँले बाथरोगलाई धेरैजसोले केवल 'युरिक एसिड' वा सामान्य जोर्नी दुख्ने समस्यालाई समयमा उपचार गर्न आग्रह गर्नुभयो । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले प्रत्येक वर्ष १२ अक्टोबरमा विविध कार्यक्रमका साथ यो दिवस विश्वभर मनाउँदै आएको छ ।

समाजले आरोग्य स्वास्थ्य सदन नेपाल बाथरोग उपचार केन्द्र जावलाखेलको प्राविधिक सहयोगमा विभिन्न समयमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको जनाइएको छ ।

# धानखेतबाट भरुवा बन्दुक बरामद

**दैनिक समाचारदाता**
**पर्सा, २६ असोज ।**

पर्साको वीरगञ्ज महानगरपालिका २२ बहुअरीमा धानखेतबाट प्रहरीले १२ बोरको एकनाले भरुवा बन्दुक बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार विशेष सूचनाका आधारमा सोमबार दिउँसो बहुअरीबाट भलुवाहीतर्फ जाने सार्वजनिक सडकखण्डको पूर्वपट्टि रहेको धानखेतमा बन्दुक फेला परेको हो ।

प्रहरीका अनुसार विशेष टोलीले प्लास्टिकको बोरामा बेरेर लुकाइछिपाइ राखिएको अवस्थामा बन्दुक फेला पारिएको छ । प्रहरी प्रवक्ता एवं डीएसपी चक्रबहादुर मल्लका अनुसार बन्दुक कसले र कुन प्रयोजनका लागि त्यहाँ राखेको थियो भन्नेबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### असोजको २२ ...

प्रहरी उपरिक्षक रुपक खडगाका अनुसार यस अवधीमा प्रहरी कार्यालयमा ९९ र जिल्ला प्रशासन कार्यालय मार्फत ९८ गरी कुल १ सय ९७ उजुरी परेका थिए । प्राप्त उजुरी उपर अनुसन्धान तथा सकृयता देखाउदै सबैको फछ्यौट गरिएको उनले जानकारी दिए ।

जनशक्तीका अभावका बीच पनि भएको श्रोत साधानको उच्चतम प्रयोग गरी सबै उजुरी फछ्यौट गरी फछ्यौट हुन बाकी संख्या शुन्यमा झारेको उनको भनाई छ ।

यसै अवधीमा अवैध भन्सार छलीका ३ लाख २३ हजार ७ सय ७५ रुपैयाका सरसमान बरामद गरी भन्सार कार्यालयमा बुझाइएको प्रहरी नायब उपरिक्षक हेमराज घिमिरेले जानकारी दिए ।

अहिले चाडपर्वका समय भएकाले २४ बुन्दे सुरक्षा योजना लागु गरी जिल्लाभर ८ सय ९६ प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### दशैं अगावै लालपुर्जा...

अवस्थामा रहदा सर्वसाधारणलाई निकै सास्ती भोगिरहनु परेको गुनासो आएको भन्दै मन्त्री यादवले यथासिघ्र उक्त सडकखण्डहरुको मर्मत सम्भार र स्तरोन्ती कार्य गर्न निर्देशन समेत दिए ।

सडक विभाग तथा पूर्वाधार विकास कार्यालयका प्रमुखहरुलाई संकेत गर्दै मन्त्री यादवले अब हल्ला कम र काम बढी देखिनु पर्ने बताए ।

उनले चाड पर्व सकिनु अगावै युद्धस्तरमा काम गरेर जिल्लाका अतिजीर्ण अवस्थामा रहेको सडकहरुको सुधार हुनु पर्ने र केही दिन पछि आफु फर्केर आउदा त्यसको अनुगमन गर्ने भन्दै सबैलाई सचेत समेत गराए ।

उक्त बैठकमा प्रमुख जिल्ला अधिकारी श्याक कृष्ण थापा, प्रहरी उपरिक्षक रुपक खडगा, राजविराज नगरपालिकाका कार्यवाहक मेयर इसरत परवीन, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण मण्डल, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टी राजविराज नगर समितीका सभापती खेलानन्द दासका साथै भूमि प्रशासन, नापी, राजविराज नगरपालिका, सडक विभाग, पूर्वाधार विकास लगायत कार्यालयका प्रमुखहरुको सहभागिता रहेको थियो ।

### मध्यपूर्वमा तनाव ...

लेबनानी सेनाका अनुसार स्वेइदानलाई इजरायली ट्याङ्कबाट प्रत्यक्ष निशाना बनाइएको थियो । सेनाले उक्त घटनाप्रति आपत्ति जनाउँदै यसलाई विद्यमान सम्झदारीको उल्लङ्घन भनेको छ ।

यता, इजरायली सेनाका प्रवक्ताले उक्त घटनाबारे आफूहरुलाई जानकारी नभएको बताउनुभएको छ ।

इरानसमर्थित लेबनानी सशस्त्र समूह हिजबुल्लाहसँग युद्ध सुरु भएयता इजरायलले दक्षिणी लेबनानको ठूलो भूभाग नियन्त्रणमा राखेको समाचारमा उल्लेख छ । यस घटनाले क्षेत्रीय सुरक्षा अवस्था र सर्वसाधारणको सुरक्षाबारे थप चिन्ता उत्पन्न गरेको छ ।


**राजविराज नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राजविराज, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

**पोखरी ठेक्का सिलबन्दी बोलपत्र आह्वानको सूचना ।**
**प्रकाशित मिति २०८३/०६/२७**

स्थानीय सरकार संचालन ऐन २०७४, बमोजिम राजविराज नगरपालिका अर्न्तगत पोखरी ठेक्का माछा पालन कार्यका लागी बढावढको माध्यमबाट ठेक्का बन्दोवस्त गर्न रीतपुर्वक २१ (एक्काइस) दिने सिलबन्दी बोलपत्र सूचना आह्वान गरिएको छ । ठेक्का अवधि ठेक्का सम्झौता मिति देखी ३ तिन बर्षको हुनेछ ।

| सिलबन्दी बोलपत्र नं. | आयोजनाको नाम | न्युनतम कबोल अंक (मु.अ.क.) समेत | धरौटी रकम | बोलपत्र दस्तुर रु | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|---|
| आय ठेक्का आ.ब. २०८३।०८४-१ | पुरना पोखरी लिलजाटोल रा.वि. ६ | १,५०,०००।०० | कबोल रकमको हुन आउने ५ प्रतिशत | ३०००।०० | २०८३/०७/१६ कार्यालय समय भित्र | २०८३/०७/१७ गते दिनको १२:०० बजे सम्म | २०८३/०७/१७ दिनको २:०० बजे राजविराज नगरपालिकाको कार्यालय |
| आय ठेक्का आ.ब. २०८३।०८४-२ | तोताराम पोखरी खर्सालटोल रा.वि. ६ | २,२५,०००।०० | कबोल रकमको हुन आउने ५ प्रतिशत | ३०००।०० | २०८३/०७/१६ कार्यालय समय भित्र | २०८३/०७/१७ गते दिनको १२:०० बजे सम्म | २०८३/०७/१७ दिनको २:०० बजे राजविराज नगरपालिकाको कार्यालय |



**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*